लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मिति २०८३/०२/०३ गतेको ६९औं नगर कार्यपालिका बैंठकमा पेश भएका प्रस्तावहरू:

तपसिलः

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा। | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने। | प्र.प्र.अ. | |
| २. | योजना सिफारिस सम्बन्धमा । | आगामी आ.व. २०८३/०८४ मा यस नगरपालिकामा सञ्चालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रमका योजना तथा कार्यक्रमहरूको प्राप्त वडागत सूचीलाई सिफारिस गरी पठाउन निर्णय गर्नु पर्ने । | रोजगार सेवा केन्द्र | |
| ३. | सुझाव संकलन सम्बन्धमा। | आगामी आ.ब.२०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम (बजेट) लाई थप प्रभावकारी बनाउनका लागि स्थानीय राजनीतिक दल, समाजसेवी, बुद्धिजीवीहरूको सुझाव संकलन गर्ने। | योजना तथा अनूगमन उपशाखा | |
| ४. | योजना छनोट गरी पठाउने सम्बन्धमा । | नगरपालिकाका १० वटै वडाबाट समुदाय तथा बस्तीस्तरबाट बजेट सिलिङ्गको मापदण्डमा रही योजना छनोट गरी पठाउन समय सीमा तोकी पठाउनका लागि निर्णय गर्नु पर्ने । | योजना तथा अनूगमन उपशाखा | |
| ५. | योजनाहरूलाई प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने सम्बन्धमा। | नगरपालिकाको आ.व.०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ बमोजिमका योजनाहरुलाई प्राथमिकरण गरि कार्यान्वयन गर्ने । | योजना तथा अनूगमन उपशाखा | |
| ६. | नगर प्रमुखको काठमाण्डौ भ्रमण सम्बन्धमा । | यस लेकवेशी नगरपालिकाका नगर प्रमुख श्री उमेश कुमार पौडेल कार्यालयको कामकाजको लागि काठमाण्डौ जानु पर्ने भएकोले उक्त भ्रमण स्वीकृत गर्न निर्णय गर्नु पर्ने । | नगर प्रमुखको सचिवालय | |
| ७. | होर्डिङ्ग बोर्ड राख्न स्वीकृति दिने सम्बन्धमा । | नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयबाट सार्वजनिक सन्देश मूलक होर्डिङ्ग बोर्ड राख्नको लागि अनुमति माग भई आएकोले स्वीकृति दिनको लागि निर्णय गर्नु पर्ने । | प्र.प्र.अ. | |
| ८. | शिक्षा क्षेत्र योजना स्वीकृत गर्ने सम्बन्धमा । | यस लेकवेशी नगरपालिकाको ५ वर्षे शिक्षा क्षेत्र योजना (२०८२/०८३-२०८६/०८७) स्वीकृत गर्नु पर्ने । | शि.यु.खे. तथा सा.वि. शाखा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित
महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८३/०२/०३ गतेको नगर कार्यपालिका बैंठकबाट भएका निर्णयहरू:**

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा ब्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतको प.सं.०८२/०८३ (योजना), मिति २०८३/०१/२२, चलानी नं. ३०१० को पत्रानुसार आगामी आर्थिक वर्ष २०८३/०८४ मा मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम संचालन गर्नको वडा कार्यालयबाट प्राप्त योजनाहरुलाई तपसिल अनुसार छनौट गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर, सुर्खेतमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | आयोजनाको नाम | वडा नं./ आयोजना स्थल | आयोजना स्थल | प्रस्तावित बजेट | विषय क्षेत्र | कै. |
|---|---|---|---|---|---|---|
| १ | मदन भण्डारी राजमार्ग सडक नजिकको पक्की कुलो देखि हाटबजार स्थल हुदै दल बहादुर टमटाको घरसम्म जोड्ने कुलो निर्माण | लेकवेशी न.पा. - १, सुर्खेत | हाटबजार | १५००००० | सिचाई | |
| २ | लेखगाउँमा पानी संकलन पोखरी निर्माण | लेकवेशी न.पा. - २, सुर्खेत | लेखगाउँ | १५००००० | पानी संकलन | |
| ३ | साविक २ नम्बर दर्लामी टोल जाने सिचाई कुलो निर्माण | लेकवेशी न.पा. - ३, सुर्खेत | साविक २ नं. | १५००००० | सिचाई | |
| ४ | पुनटोल देखि खत्री टोल सम्म आर.सि.सि. सिचाई कुलो निर्माण | लेकवेशी न.पा. - ४, सुर्खेत | तल्लो घुम्ने | १५००००० | सिचाई | |
| ५ | च्यारकुले खोला बागजुङ्गे देखि फिरफिरे सिचाई कुलो निर्माण | लेकवेशी न.पा. - ५, सुर्खेत | च्यारकुलेखोला | १५००००० | सिचाई | |
| ६ | कल्याण टोल भित्रका आर.सि.सि. कुलो निर्माण | लेकवेशी न.पा. - ६, सुर्खेत | कल्याणटोल | १५००००० | सिचाई | |
| ७ | थोत्री पिपले टुडे कुलो निर्माण | लेकवेशी न.पा. - ७, सुर्खेत | पिपले,टुडे | १५००००० | सिचाई | |
| ८ | कुम्वीगैरा देखी कुईनेपानी सम्म सिचाई कुलो निर्माण | लेकवेशी न.पा. - ८, सुर्खेत | कुम्वीगैरा | १५००००० | सिचाई | |
| ९ | चौरासे पश्चिम सारु ढल देखि तिल्के दमार सिचाई नाला निर्माण | लेकवेशी न.पा. - ९, सुर्खेत | पश्चिम चौरासे | १५००००० | सिचाई | |
| १० | मुरीगैरा बीचकुलो सिचाई योजना | लेकवेशी न.पा. - १०, सुर्खेत | मुरीगैरा | १५००००० | सिचाई | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

लेकवेशी नगरपालिकाको आगामी आ.ब.२०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम (बजेट) लाई थप प्रभावकारी बनाउनका लागि स्थानीय राजनीतिक दल, समाजसेवी, बुद्धिजीवीहरूको सुझावहरू बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस लेकवेशी नगरपालिकाको १० वटै वडा र विषयगत शाखाहरूबाट आ.व. ०८३/०८४ मा कार्यान्वयन गर्नु पर्ने योजना तथा कार्यक्रमहरू समुदाय तथा बस्तीस्तरबाट टोल भेला गरी यही २०८३ ज्येष्ठ १५ गते भित्र बजेट सिलिङ्गको मापदण्डमा रही छनोट गरी सिफारिस सहित पठाउनका लागि सबै वडा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

लेकवेशी नगरपालिकाको आ.ब.२०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम गर्दा स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा (३) बमोजिमका योजनाहरुलाई प्राथमिकरण गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस लेकवेशी नगरपालिकाका नगर प्रमुख श्री उमेश कुमार पौडेल मिति २०८२/०२/०५ गते देखि २०८२/०२/११ गते सम्म कार्यालयको कामकाजको लागि काठमाण्डौ जानु पर्ने भएकोले उक्त भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको च.नं. ३९३-२०८२/८३, मिति २०८३/०२/०१ गतेको पत्रबाट यस लेकवेशी नगरपालिकाको वडा नं. ७ स्थित यात्रु प्रतिक्षालयमा नागरिकहरूमा बीमा प्रतिको बुझाई अभिवृद्धि गरी नोक्सानीमा पूर्ण रूपमा वित्तीय क्षतिपूर्ति पाउन सक्ने प्रणालीमा स्वतः आवद्ध हुने अपेक्षा सहित आम नागरिकमा बीमा सचतेना अभिवृद्धि गर्ने उद्देश्यले सार्वजनिक सन्देश मूलक होर्डिङ्ग बोर्ड राख्न अनुमति माग भई आएकोले आम नागरिकको जनचेतना अभिवृद्धिका लागि उक्त होर्डिङ्ग बोर्ड राख्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

लेकवेशी नगरपालिका क्षेत्र भित्रको शैक्षिक गुणस्तर सुधार, भौतिक पूर्वाधार विकास, प्रविधि मैत्री शिक्षण सिकाई र समतामूलक विकासका लागि यस नगरपालिकाको ५ वर्षे शिक्षा क्षेत्र योजना (आ.व. २०८२/०८३ - २०८६/०८७) को मस्यौदा माथि व्यापक छलफल गरी नगरको दिर्घकालिन शैक्षिक विकासका लागि महत्वपूर्ण र सान्दर्भिक देखिएकोले उक्त शिक्षा क्षेत्र योजनालाई स्वीकृत गर्ने र उक्त स्वीकृत योजनाहरूलाई कार्यान्वयन गर्नको लागि क्रमशः बजेट व्यवस्थापन समेत गर्दै जाने निर्णय गरियो ।

निर्णय प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत